आज मिति २०७७ फागुन २१ गते, शुक्रबार विहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**विषयहरु :**

१. बुद्धिचाल प्रतियोगिता उद्घाटन सम्बन्धमा

२. विभिन्न समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु :-

१. भक्तपुर नगरपालिकाको आयोजनामा र शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन र समापन कार्यक्रम निम्न मिति, समय र स्थानमा र्‍यालीसहित गर्ने निर्णय गरियो ।

**उदघाटन समारोह**

प्रमुख अतिथि : श्री नारायणमान बिजुक्छें, अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

अतिथि : श्री सुरेन्द्रराज गोसाई, प्रदेश सभा सदस्य, बागमती प्रदेश

अतिथि : श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

अतिथि : प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर ।

अतिथि : प्रतिनिधि, नेपाल बुद्धिचाल संघ

**र्‍याली रुट**

भ.न.पा. वडा नं. १ मिनिबस पार्कबाट शुरु भई भार्वाचो, बंशगोपाल, नासमना, टौमढी, सुकुलढोका, दत्तात्रय, सूर्यमढी र च्याम्हासिंह हुँदै महेश्वरी बैंक्वैट

**उद्घाटन कार्यक्रमः**

मिति : २०७७ फागुन २९ गते, शनिवार

र्‍याली शुरु हुने स्थान : मिनीबस पार्क, भार्वाचो

र्‍याली समय : विहान ७:: बजे

**उद्घाटन स्थल :** महेश्वरी बैंक्वेट,लिवाली

**समापन समारोह :**

मिति : २०७७ चैत्र ३ गते

समय : दिनको ४:०० बजे

स्थान : महेश्वरी बैक्वेट

प्रमुख अतिथि : श्री प्रेम सुवाल, सचिव एवं सांसद, नेपाल मजदुर किसान पार्टी

अतिथि : श्री सृजना सैंजु, प्रदेश सभा सदस्य, बागमती प्रदेश

अतिथि : प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

अतिथि : प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर

अतिथि : प्रतिनिधि, नेपाल बुद्धिचाल संघ

२. विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

**<u>क. नगर शिक्षा समिति</u>**

मिति २०७७ फागुन १७ गते बसेको नगर शिक्षा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. आधारभूत तह (कक्षा ८) उत्तीर्ण २०७७ को लागि सहयोग स्वरुप सामुदायिक विद्यालयको लागि रु.२००।- (दुई सय रुपैयां मात्र) प्रति विद्यार्थी र संस्थागत विद्यालयका लागि रु.४५०।- (चार सय पचास रुपैयां मात्र) प्रति विद्यार्थी लिन पाउने निर्णय गरियो । विद्यालयको प्रयोगात्मक परीक्षा र अन्य विषयको परीक्षा व्यवस्थापन वापत प्रति विद्यार्थी बढीमा रु.१५०।- (एक सय पचास रुपैयां) सम्म थप लिन पाउने निर्णय गरियो ।

२. कक्षा ८ मा स्थानीय पाठ्यक्रम अध्यापनरत शिक्षकहरुका लागि मिति २०७७।११।२८ गते शुक्रवारका दिन ईन्जिनियरिङ्ग कलेजमा प्रवोधीकरण कार्यक्रम गर्ने निर्णय गयियो ।

३. यस नगरपालिकाभित्र कक्षा ११/१२ संचालित विद्यालयहरुमा कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको छनौट एवं सिफारिस गर्नका लागि परीक्षा संचालनलगायतका प्रक्रियाको लागि नगर शिक्षा शाखा प्रमुख उपसचिव श्री हरिप्रसाद निरौलाको नाममा रु.१०,०००।- (अक्षेरुपी दश हजार रुपैया मात्र) पेश्की लिइएकोमा जम्मा खर्च रु.१९,२८०।- (अक्षेरुपी उन्नाइस हजार दुई सय अस्सी रुपैयां मात्र) भएकोले उक्त खर्चलाई समर्थन गरी कर वापतको रकम रु.२,२०४।- (अक्षेरुपी दुई हजार दुई सय चार रुपैयां मात्र) कट्टा गरी नपुग रकम रु.७,०७६।- (अक्षेरुपी सात हजार छैहत्तर रुपैयां मात्र) भुक्तानी गरी पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

४. कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण भौतिक रुपमा कक्षा संचालन हुन नसकेको बेलामा विद्यार्थीको पठन पाठनलाई नियमितता दिन वैकल्पिक शिक्षण सिकाई क्रियाकलाप संचालनको क्रममा यस नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयमा कक्षा १,२ र ३ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई र

प्रत्येक संस्थागत विद्यालयलाई १/१ नमूना प्रति अभ्यास पुस्तिका (Work Sheet) वितरण गर्नका लागि टाइपिङ्ग, सेटिङ्ग, डिजाइन, प्रिन्टिङ्गलगायतका विभिन्न कार्यमा जम्मा रु.२६,९३२।- (अक्षेरुपी छब्बीस हजार नौ सय बत्तीस रुपैयां मात्र) खर्च भएकोले उक्त खर्चलाई समर्थन गरी दत्तात्रय डिजाइन एण्ड प्रि प्रेस भेन्चरलाई भुक्तानी दिने निर्णय गरियो ।

**ख. युवा तथा खेलकुद समिति**

मिति २०७७ फागुन ६ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्न भ.न.पा. १ देखि १० वडा कार्यालयहरुलाई प्रति वडा रु.१,००,०००।- (अक्षरुपी एक लाख) निकासा पठाउने निर्णय गरियो ।

मिति २०७७ फागुन १८ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताबारे निम्न मिति, समय र स्थानमा पत्रकार भेटघाट कार्यक्रम गर्ने निर्णय गरियो :

   **कार्यक्रम**

   मिति : २०७७ फागुन २१ गते, शुक्रवार

   समय : दिनको ३:०० बजे

   स्थान : भ.न.पा.सभाकक्ष

२. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न रु.८,००,०००।- (अक्षेरुपी आठ लाख मात्र) समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई पेश्की लिन लगाउने निर्णय गरियो ।

**मिति २०७७ फागुन २० गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

१. अखिल नेपाल टेबल टेनिस संघको तत्वावधानमा स्पिङ्ग इभेन्टस प्रा.लि.को आयोजनामा २०७७ चैत्र २ गतेदेखि ७ गतेसम्म सम्म हुने देशव्यापी अन्तर वडा टेबुल टेनिस प्रतियोगितामा विभिन्न वडा कार्यालयबाट

**सहभागी हुने खेलाडीहरुलाई १/१ वटा टिसर्टको व्यवस्था गर्ने र खेलाडी दर्ता शुल्कको व्यवस्था गर्ने निर्णय गरियो ।**

## ग. निर्माण समिति

मिति २०७७/११/२१ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबाली आवास क्षेत्रमा सडक पेटी स्तरोन्नति गर्ने कार्य | १ | | ४,९९९,९९७।०४ | | उ.स.अ. : कृष्णसागर बासी अ.स.स. : बलराम प्रजापति | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बहुउद्देश्यीय भवन ब्रम्हायणीमा विद्युतीकरण तथा सोलार, ब्याक अप सिस्टम तथा सी.सी. टीभीलगायत इन्टरकम इमर्जेन्सी लाइट जडान कार्य | ९ | बांकी भुक्तानी | ८,११८,३२६।०२ | ७,५०५,६८३।११ | प्रथम आंशिक भुक्तानी | १,७१९,६४६।०२ | | २,६१५,५९६।५२ | | | बांकी भुक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |
| | | | | | | दोस्रो आंशिक भुक्तानी | २,६२६,९७७।६० | | ४,६२९,७२८।९२ | | | |
| | | | | | | जम्मा | ४,३४६,६२३।६२ | | ७,२४५,३२५।४४ | | | |
| **ठेक्का स्वीकृति सम्बन्धी** | | | | | | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | ठेक्का नं. bktmun/NCB/works/03/077/78 (भ.न.पा. वडा नं ५ र ७ स्थित गय:भिन्द्यो पुलदेखि आदर्श बस स्टपसम्म पीच तथा पेटी निर्माण कार्य (दोस्रो चरण) का लागि म्यादभित्र प्राप्त भएका बोलपत्रहरुमध्ये भ्याट सहित रू.१,४५,६०,७०१।१४ (अक्षरेपि एक करोड पैतालीस लाख साठ्ठी हजार सात सय एक रूपैयां चौध पैसा) कबोल गर्ने श्री तुल्सी कन्स्ट्रक्सनको प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतका लागि मूल्याङ्कन समितिको मिति २०७७ फागुन २० गतेको बैठकबाट सिफारिस भई आएकोले सोही बमोजिम स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | बांकी भुक्तानी बजेट शीर्षक बाट व्यहोर्ने |

**६. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. नपाबाट स्वास्थ्य संस्थालाई निकासा बजेट शीर्षकबाट ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई रु.१०,००,०००।-(अक्षरुपी दश लाख मात्र) निकासा दिने निर्णय गरियो ।**